# दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः ७ मितिः १० आषाढ, २०८० साल


# भाग-२


दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाद्वारा प्रकाशित


## दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको शीत भण्डार सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

**प्रस्तावनाः** कृषकले उत्पादन गरेका कृषि उपजहरूलाई उपयुक्त तापक्रम र सापेक्षित आद्रता भएको कक्षमा निश्चित समयसम्म भण्डारण गरी बजारको माग अनुसार बजारमा आपूर्ती गर्ने तथा उत्पादन उपरान्त हुने नोक्सानीलाई कम गरी कृषकको आम्दानी बढाउने उद्देश्यले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकामा निर्माण भएका शीत भण्डार गृहहरूको प्रभाबकारी सञ्चालन, दिगो व्यवस्थापन तथा नियमन गर्ने व्यवस्था गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (२) (ण), उपदफा (७) र दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम नगर कार्यपालिकाले यो शीत भण्डार सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० बनाएको छ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम "दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको शीत भण्डार सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भए पछि तुरुन्त लागु हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अनुगमन समिति" भन्नाले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका कम्पोष्ट प्लान्ट संचालन प्रक्रियामा सहजीकरण गर्नका लागि बनाईएको समिति सम्झनुपर्छ।

(ख) "आर्थिक प्रशासन शाखा प्रमुख" भन्नाले दिक्तेल रुपाकोट मझुवागढ़ी नगर कार्यपालिकाको कार्यालयको आर्थिक प्रशासन शाखा प्रमुख सम्झनुपर्छ।

(ग) "कृषि उपजहरू" भन्नाले कृषकहरूले उत्पादन गरेर बजार पूर्व सुरक्षित भण्डारण गर्नु पर्ने तरकारी, फलफूल, बीउ विजन आदि सम्झनु पर्छ।

(घ) "कृषि विकास शाखा प्रमुख" भन्नाले दित्तेल रुपाकोट मझुवागढ़ी नगर कार्यपालिकाको कार्यालयको कृषि विकास शाखा प्रमुख सम्झनुपर्छ।

(ङ) "नगर उप-प्रमुख" भन्नाले दित्तेल रुपाकोट मझुवागढ़ी नगरपालिकाको नगर उप-प्रमुख सम्झनुपर्छ।

(च) "नगरपालिका" भन्नाले दित्तेल रुपाकोट मझुवागढ़ी नगरपालिका सम्झनुपर्छ।

(छ) "नगर प्रमुख" भन्नाले दित्तेल रुपाकोट मझुवागढ़ी नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले दित्तेल रुपाकोट मझुवागढ़ी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(झ) "शीत भण्डार" भन्नाले कृषि उपजहरूलाई निश्चित समयसम्म सुरक्षित भण्डारण गर्न सकिने उपयुक्त तापक्रम र सापेक्षित आद्रता भएको यस नगरपालिकाको विभिन्न वडाहरूमा स्थापना गरिएको भण्डारण संरचना सम्झनुपर्छ।

(ञ) "सहकारी संस्था" भन्नाले शीत भण्डार सञ्चालनबाट लाभान्वित हुने कृषकहरू आवद्ध रहेको स्थानीय सहकारी संस्था सम्झनुपर्छ।

(ट) "संञ्चालक समिति" भन्नाले दफा ४ बमोजिमको शीत भण्डार सञ्चालक समिति सम्झनुपर्छ।

(ठ) "सेवा शुल्क निर्धारण" समिति भन्नाले दफा ६ बमोजिमको समिति सम्झनुपर्छ।

## परिच्छेद - २

## शीत भण्डार सञ्चालन एवं व्यवस्थापन

**३.कृषि उपज भण्डारणः** (१) शीत भण्डारणमा विशेष गरी तरकारी र फलफूल लगायतका कृषि उपजहरू भण्डारण गरिनेछ।

(२) शीत भण्डारणमा कृषि उपजहरूलाई नेपाल सरकारको स्वीकृत पोष्ट हार्भेष्ट प्रोटोकल अनुसार निर्धारित तापक्रम, सापेक्षित आद्रता एवं उपयुक्त हावाको सञ्चार कायम गरी निश्चित समससम्म भण्डारण गर्नु पर्नेछ।

**४. शीत भण्डार सञ्चालक समिति गठन :** (१) नगरपालिकाले शीत भण्डार गृहको नियमित सञ्चालन, व्यवस्थापन तथा नियमन गर्न देहाय बमोजिमको एक सञ्चालक समिति गठन गर्नेछ।

(क) सम्बन्धित वडा अध्यक्ष - संयोजक

(ख) सम्बन्धित वडाको वडा सचिव - सदस्य

(ग) कृषक प्रतिनधि, व्यवसायिक कृषक वा कृषि उद्यमी २ जना - सदस्य

(घ) सम्बन्धित वडाको वडा कृषि प्राविधिक - सदस्य सचिव

(२) सञ्चालक समितिमा कम्तीमा एक जना महिला अनिवार्य हुनु पर्नेछ।

**५. सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः** सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) शीत भण्डार गृहको नियमित सञ्चालन, व्यवस्थापन, रेखदेख तथा मर्मत संभारको लागि आवश्यक प्रबन्ध मिलाउने,

(ख) कृषकले उत्पादन गरेका कृषि उपजहरूको सुरक्षित भण्डारण, गुणस्तर प्रवर्द्धन र बजार आपूर्तिको लागि सहज र सर्वसुलभ व्यवस्था मिलाउने,

(ग) शीत भण्डारको नियमित एवं प्रभावकारी सञ्चालन र सेवा प्रवाहको लागि आवश्यक पर्ने प्राविधिक जनशक्तिको व्यवस्थापन गर्ने,

(घ) सेवा शुल्क निर्धारण समितिले निर्धारण गरेको शुल्क लिई कृषकहरूलाई सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने,

(ङ) सेवा शुल्क बापत प्राप्त आम्दानी र खर्चको सहि किसिमले लेखा जोखा राखे,

(च) शीत भण्डारको लागि आवश्यक सबै किसिमको श्रोत साधनहरू जुटाउने,

(छ) नगरपालिकाले निर्देशन गरे बमोजिमको कार्यहरू गर्ने।

**६. <u>सेवा शुल्क निर्धारणः</u>** (१) शीत भण्डार गृह मार्फत कृषक/कृषि उद्यमी/व्यवसायीलाई सेवा प्रदान गरे बापतको सेवा शुल्क निर्धारण गर्न देहाय बमोजिमको एक समिति गठन हुनेछः

(क) नगर प्रमुख - संयोजक

(ख) नगर उप प्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(च) कृषि विकास शाखा प्रमुख - सदस्य सचिव

(२) समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) सेवा शुल्क निर्धारण समितिले सेवा शुल्क निर्धारण गर्दा देहायको कुराहरूलाई आधार मान्नु पर्नेछः

(क) सहकारी संस्था, स्थानीय कृषक एवं कृषि उद्यमी/व्यवसायीलाई लिइने भण्डारण तथा सेवा शुल्क निर्धारण गर्दा मुख्य गरी सञ्चालन खर्च, व्यवस्थापन खर्च र मर्मत संभार खर्चको मात्र लेखाजोखा एवं विश्लेषण गर्नु पर्नेछ।

(ख) समितिले सेवा शुल्क निर्धारण गर्नको लागि आवश्यकता अनुसार विज्ञ तथा परामर्शदाताको सहयोग लिन सक्नेछ।

(४) सेवा शुल्कको निर्धारण हरेक आर्थिक वर्षको सुरु महिनामा गरिसक्नु पर्नेछ तर, सञ्चालनको सुरु वर्षमा भने यो व्यवस्था लागु हुने छैन।

(५) सेवा शुल्क निर्धारण समितिले शुल्क निर्धारण गरी स्वीकृतिको लागि कार्यपालिकामा पेश गर्नु पर्नेछ। कार्यपालिकाबाट सेवा शुल्क स्वीकृत भए पश्चात मात्र लागू हुनेछ।

## परिच्छेद - ३
## विविध

७. **सेवा प्रवाह**: शीत भण्डार मार्फत सेवा प्रवाह गर्दा सम्बन्धित स्थानीय तहभित्रका कृषक एवं कृषि उद्यमी/व्यवसायीहरूलाई प्राथमिकता दिनुपर्नेछ।

८. **सुरक्षा तथा बीमाको व्यवस्था:** स्थानीय तहले शीत भण्डारमा भण्डारण गरिने कृषि उपजहरूको बीमा लगायतका सुरक्षण उपायहरू अपनाउनु पर्नेछ।

९. **अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था:** शीत भण्डारको अनुगमन र मुल्याङ्कनको कार्य नगरस्तरीय अनुगमन समितिबाट हुनेछ।

१०. **संशोधनः** यस कार्यविधिलाई व्यवस्थित र प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यकता अनुसार नगर कार्यपालिकाले संशोधन वा खारेज गर्न सक्नेछ।

११. **खारेजी र बचाउः** यस कार्यविधिमा व्यवस्था भएका कुराहरू, प्रचलित ऐन, कानूनहरूसँग बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

**प्रमाणीकरण मितिः २०८०।०३।०६**

**आज्ञाले,**
**राज कुमार राई**
**नि. प्रमुख प्रशासकीय अधिकृत**